# सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड

संचालक समितिको छैठौं विशेष

साधारण सभा २०७७ को प्रतिवेदन

**सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड**
**नारायणहिटी पथ, दरवारमार्ग, काठमाण्डौं**
**छैठौं विशेष साधारण सभा बस्ने सम्बन्धी सूचना**

मिति २०७७/०९/२२ गते बसेको संचालक समितिका ३५१ औं बैठकले निर्णय गरे अनुसार यस बैंकको छैठौं विशेष साधारण सभा निम्न लिखित मिति, स्थान र समयमा निम्न विषयहरु उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा कम्पनी ऐन, २०६३ को दफा ६७ अनुसार सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारी एवं Webinar मार्फत उपस्थितिको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**१. सभा हुने मिति, स्थान र समय**

सभा हुने मिति :- २०७७ साल माघ १५ गते (तदअनुसार जनवरी २८, २०२१) बिहिबार
स्थान :- बैंकको प्रधान कार्यालय रहेको भवन, नारायणहिटी पथ, दरवारमार्ग ,काठमाण्डौं (Webinar मार्फत संचालन गरिने ) ।
सभा सुरु हुने समय :- बिहान ११.०० बजे

**२. छलफलका विषयहरु :**

**क. बिशेष प्रस्तावहरु**

१. बैंकको पूँजीगत संरचनामा परिवर्तन गरि हाल कायम अधिकृत पूँजी रु. १०,००,००,००,०००/- (अक्षरेपि दश अर्ब) लाई बृद्धि गरी रु. १५,००,००,००,०००/- (अक्षरेपि पन्ध्र अर्ब) पुऱ्याउने ।

२. सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडले तिनाउ मिशन डेभलपमेण्ट बैंक लिमिटेडलाई प्राप्ति (acquisition) गर्ने सम्बन्धमा संचालक समितिको तर्फबाट प्रस्तुत प्रतिवेदनलाई छलफल गरि पारित गर्ने ।

३. सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडले तिनाउ मिशन डेभलपमेण्ट बैंक लिमिटेडलाई प्राप्ति (acquisition) गर्ने प्रयोजनका लागि मूल्याङ्कनकर्ताबाट प्राप्त तिनाउ मिशन डेभलपमेण्ट बैंक लिमिटेडको चल/अचल सम्पत्ति र दायित्व मूल्याङ्कन प्रतिवेदन (Due Diligence Audit Report), प्राप्ति (acquisition) पश्चातका व्यवसायिक अवसरहरु, सम्पत्ति एवं दायित्वको बजार मूल्य, वर्तमान जोखिम अवस्था समेतका आधारमा तिनाउ मिशन डेभलपमेण्ट बैंक लिमिटेडको १०० कित्ता शेयरलाई सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको ९६ कित्ता शेयर (१:०.९६) दिने गरी शेयर मूल्य अनुपात (Share Swap Ratio) कायम गर्ने र तिनाउ मिशन डेभलपमेण्ट बैंक लिमिटेडलाई प्राप्ति (acquisition) गर्न स्वीकृति प्रदान गर्ने ।

४. सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडले तिनाउ मिशन डेभलपमेण्ट बैंक लिमिटेडलाई प्राप्ति (acquisition) गर्न मिति २०७७/०७/०१ मा दुबै पक्षबीच गरिएको सहमतिलाई नेपाल राष्ट्र बैकबाट सैद्धान्तिक सहमति प्राप्त भएको हुँदा उक्त वित्तीय संस्थालाई प्राप्ति (acquisition) गर्न गरिएको अन्तिम सम्झौता (Scheme of Arrangement) लगायत संयुक्त मर्जर तथा एक्विजिसन समितिबाट भए गरेका काम कारवाहीहरु अनुमोदन गर्ने ।

५. सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडले तिनाउ मिशन डेभलपमेण्ट बैंक लिमिटेडलाई प्राप्ति (acquisition) गर्ने प्रयोजनका लागि गठित संयुक्त मर्जर तथा एक्विजिसन समितिबाट नियुक्त लेखापरीक्षक श्री एम. आर. एसोसिएटस्, चाटर्ड एकाउन्टेन्टस्को नियुक्तिलाई अनुमोदन गर्ने ।

६. सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडले तिनाउ मिशन डेभलपमेण्ट बैंक लिमिटेडलाई प्राप्ति (acquisition) गर्न दुबै पक्ष बीच गरिएको अन्तिम सम्झौतापत्र बमोजिम नियमनकारी निकायहरुबाट प्राप्त सुझाव तथा निर्देशन बमोजिम प्राप्ति (acquisition) सम्बन्धी गर्नु पर्ने थपघट तथा आवश्यक संशोधन लगायत सम्पूर्ण कार्यहरु गर्न सञ्चालक समितिलाई अख्तियार प्रदान गर्ने ।

७. तिनाउ मिशन डेभलपमेण्ट बैंक लिमिटेडलाई यस बैंकले प्राप्ति (acquisition) पश्चात बैंकको जारी तथा चुक्ता पूँजी साबिकको रु. ९,८१,७०,०२,६७३/- बाट वृद्धि भई रु. ११,६६२,०४०,९१२/- हुने भएकोले सोही बमोजिम हुने गरि बैंकको प्रवन्धपत्र संशोधन गर्ने ।

८. बैकको प्रबन्धपत्र तथा नियमावली संशोधन गर्न अनुमति लिनुपर्ने निकायहरूबाट प्राप्त हुन आउने निर्देशन बमोजिम थपघट लगायत अन्य आवश्यक संशोधन गर्न सञ्चालक समितिलाई अख्तियार प्रदान गर्ने ।

## ख. विविध

**विशेष साधारण सभा सम्बन्धी अन्य जानकारी**

१. विशेष साधारण सभालाई ध्यानमा राखी मिति २०७७/१०/०२ गते १ दिन बैंकको शेयरधनी दर्ता किताव बन्द रहने छ । नेपाल स्टक एकस्चेन्ज लिमिटेडमा २०७७/१०/०१ गतेसम्म कारोबार भई म्यादभित्र यस बैंकको शेयर रजिष्ट्रार सि.वि.आई.एल. क्यापिटल लिमिटेड, वाटुलेघर, डिल्लीबजार, काठमाण्डौंमा प्राप्त शेयर नामसारीको लिखतको आधारमा शेयरधनीदर्ता कितावमा कायम शेयर धनीहरुले सो सभामा भाग लिन पाउने छन् ।

२. विशेष साधारण सभामा भाग लिन इच्छुक शेयरधनी महानुभावहरुले हितग्राही (DMAT) खाता खोलिएका/शेयर प्रमाणपत्र र आफ्नो परिचय खुल्ने प्रमाण वा सोको प्रतिलिपि अनिवार्य रुपमा साथमा लिई आउनुहुन अनुरोध छ ।

३. सभामा भागलिने प्रत्येक शेयरधनी महानुभावले Webinar मार्फत उपस्थिति जनाउनु हुन अनुरोध छ । साधारण सभाको हाजिरी पुस्तिका विहान ९.०० बजेदेखि खुल्ला रहनेछ ।

४. सभामा भाग लिनका लागि प्रतिनिधि (प्रोक्सी) नियुक्तगर्न चाहने शेयरधनीहरुले प्रचलित कम्पनी कानूनले तोकेको ढांचामा प्रतिनिधिपत्र (प्रोक्सी) फारम भरी सभा शुरु हुनुभन्दा कम्तीमा ४८ घण्टा अगाडि अर्थात् २०७७/१०/१३ गते बिहान ११.०० बजेभित्र बैंकको मुख्य कार्यालय नारायणहिटी पथमा दर्ता गराई सक्नु पर्नेछ । बैकको शेयरधनी बाहेक अरुलाई प्रोक्सी दिन र एकभन्दा बढी व्यक्तिलाई आफ्नो शेयर विभाजन गरी तथा अन्यकुनै किसिमबाट छुट्याई प्रोक्सी दिन पाइने छैन, यसरी दिइएको प्रोक्सी बदर हुनेछ ।

५. प्रतिनिधि (प्रोक्सी) नियुक्तगरि सकेपछि सम्बन्धित शेयरधनीले प्रतिनिधि फेरबदल गर्न चाहेमा यस अघि दिएको प्रतिनिधि (प्रोक्सी) बदर गरी यो प्रतिनिधि (प्रोक्सी) लाई मान्यता दिइयोस् भन्ने छुट्टै पत्र सहित प्रोक्सी फाराम बैंकको मुख्य कार्यालयमा सभा शुरु हुनु भन्दा कम्तीमा ४८ घण्टा अगावै दर्ता गराएको अवस्थामा अघिल्लो प्रतिनिधिलाई स्वतः बदर भएको मानी पछिल्लो प्रतिनिधि (प्रोक्सी) लाई मान्यता दिइने छ । प्रतिनिधि नियुक्त गरी सकेको शेयरधनी आफै सभामा उपस्थित भई हाजीर पुस्तिकामा दस्तखत गरेमा निजले दिएको प्रतिनिधि (प्रोक्सी) स्वतः बदर हुनेछ ।

६. एकभन्दा वढी व्यक्तिहरुको संयुक्त नाममा शेयर दर्ता रहेको अवस्थामा सर्वसम्मत बाट प्रतिनिधि चयन गरिएको एकजनाले मात्र वा लगत कितावमा पहिलो नाम उल्लेख भएको व्यक्तिले सभामा भाग लिन सक्ने छन् ।

७. नाबालक वा मानसिक सन्तुलन ठीक नरहेको शेयरधनीहरुको तर्फबाट बैंकको शेयर लगत दर्ता कितावमा संरक्षकको रुपमा नाम दर्ता भइरहेका महानुभावहरुले सभामा भाग लिन प्रतिनिधि तोक्न सक्नु हुनेछ ।

८. सभा सम्बन्धमा थप जानकारी आवश्यक परेमा कार्यालय समयभित्र बैंकको प्रधान कार्यालय नारायणहिटी पथ, दरवारमार्ग,काठमाण्डौंमा सम्पर्क राख्न समेत अनुरोध गरिन्छ ।

९. सुरक्षाको दृष्टिकोणले शेयरधनी महानुभावहरु सभा स्थलमा आउँदा झोला, व्याग जस्ता बस्तुहरु नलिई आउनु हुन अनुरोध छ । आवश्यक देखिएमा सुरक्षाकर्मीले सुरक्षाजाँच गर्न सक्ने हुंदा सो कार्यमा सहयोग गरिदिनुहुन समेत अनुरोध गरिन्छ ।

१०. छैठौं विशेष साधारण सभामा जिज्ञासा राख्न चाहने शेयरधनी महानुभावहरुले आफुले राख्न चाहेको विषयमा सभाहुनु भन्दा ४८ घण्टा अगावै इमेल (sgm@ctznbank.com) मार्फत जानकारी दिनु हुन अनुरोध गरिन्छ ।

११. कोभिड-१९ को कारणले सृजना हुनसक्ने सम्भावित असर तथा जोखिमलाई मध्यनजर गरी नेपाल सरकारले पालना गर्नुपर्ने भनी तोकिएका सम्पूर्ण सुरक्षात्मक उपायहरु अवलम्बन गरी विशेष साधारण सभा सन्चालन गर्ने प्रबन्ध मिलाईएको छ । साथै शेयरधनी महानुभावहरुले बैंकको यस विशेष साधारण सभामा Webinar मार्फत भाग लिन साधारणसभा हुने समय भन्दा २४ घण्टा अगाडी मोवाईल नं.९८५१०३२२५४ वा ९८५१०१२३४५ मा सम्पर्क गरी सहभागीता जनाउनु हुन अनुरोध गरिन्छ ।

पुनश्चः शेयरधनी महानुभावहरुले कम्पनीको मुख्यकार्यालय नारायणहिटी पथ, दरवारमार्ग, काठमाण्डौंमा उपस्थित भई विशेष साधारण सभामा पेश हुने सम्पूर्ण प्रस्तावहरु निरीक्षण गर्न र प्राप्तगर्न सक्ने व्यहोरा समेत जानकारीकालागी सूचित गरिन्छ । विशेष साधारण सभामा पेश हुने सम्पूर्ण प्रस्तावहरु बैंकको Website:www.ctznbank.com मा पनि हेर्न सक्नुहुनेछ ।

संचालक समितिको आज्ञाले,

कम्पनी सचिव

**सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको छैठौं विशेष साधारण सभा २०७७ मा संचालक समितिको प्राप्ति (एक्वीजिशन) सम्बन्धी प्रतिवेदन**

आदरणीय शेयरधनी महानुभावहरु,

यस सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको छैठौं विशेष साधारण सभामा उपस्थित सम्पूर्ण शेयरधनी महानुभावहरुलाई सञ्चालक समितिको तर्फबाट म हार्दिक स्वागत गर्दछु । आज म सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडले तिनाउ मिशन डेभलपमेण्ट बैंक लिमिटेडलाई प्राप्ति गर्ने सम्बन्धी प्रस्ताव लिएर यहाँहरु समक्ष उपस्थित भएको छु ।

नेपाल सरकारको वित्तीय क्षेत्रमा सुशासन र स्थायित्व अभिवृद्धि कायम गर्दै वित्तीय पहुँच अभिवृद्धि गर्ने नीति बमोजिम बैंक तथा वित्तीय संस्थाहरु एक आपसमा गाभ्ने नीतिलाई प्रोत्साहन गरेको र सोही नीति र प्रोत्साहनलाई बैंकले पनि सदा झै आत्मसाथ गर्दै बैंकले २०७७ मंसिर २० गते बसेको चौधौं साधारण सभाबाट संचालक समितिलाई उपयुक्त बैंक तथा वित्तीय संस्थाहरुसँग एक आपसमा गाभ्ने र गाभिने वा प्राप्ति गर्ने सम्बन्धि प्रारम्भिक तथा अन्तिम सम्झौता गर्न र सो प्रकृया पुरा गर्न आवश्यक पर्ने सम्पूर्ण कार्य गर्नको लागि संचालक समितिलाई अख्तियार प्रदान गर्ने निर्णय गरे अनुसार यस बैंकले बजारको पहुँचलाई बढाउन र पूँजीको आधारलाई बृद्धि गर्नका लागि लुम्बिनी प्रदेश रुपन्देही जिल्लामा केन्द्रिय कार्यालय भई रुपन्देही, नवलपरासी पूर्व, नवलपरासी पश्चिम, चितवन, कपिलवस्तु, पाल्पा र दाङ जिल्लामा उपस्थिति रहेको ७ जिल्ला स्तर कार्यक्षेत्र भएको तिनाउ मिशन डेभलपमेण्ट बैंक लिमिटेडलाई प्राप्ति गर्ने कार्यका लागि मिति २०७७/०७/०१ मा प्रारम्भिक समझदारीपत्रमा हस्ताक्षर भई नेपाल राष्ट्र बैंकबाट मिति २०७७/९/२० मा प्राप्ति (एक्विजिशन)को लागि सैद्धान्तिक सहमति प्राप्त भएको थियो । तत् पश्चात् मिति २०७७/०९/२२ मा प्राप्ति (एक्विजिशन) कार्यका लागि अन्तिम संझौता पत्रमा हस्ताक्षर भएकोले प्राप्ति सम्बन्धी कार्य अघि बढाउन बैंकले छैठौं विशेष साधारण सभाको आव्हान गरेको हो ।

मर्जर तथा प्राप्ति (एक्विजिशन) सम्बन्धि संचालक समितिबाट भए गरेका काम कारबाही तथा प्रस्तावित प्राप्ति सम्बन्धी विशेष व्यवस्था तथा जानकारीहरु निम्नानुसार रहेका छन् ।

## क. संयुक्त मर्जर वा प्राप्ति (एक्विजिशन) समितिको गठनः

बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैङ्क तथा वित्तीय संस्था एक आपसमा गाभ्ने गाभिने (मर्जर) तथा प्राप्ति (एक्विजिशन) सम्बन्धी विनियमावली, २०७३ विनियम ५ को अधिनमा रहि प्राप्ति कार्यलाई अघि बढाउनको लागि मिति २०७७ कार्तिक १ गते सम्पन्न प्रारम्भिक सम्झौता बमोजिमको निम्न बमोजिमको संयुक्त मर्जर तथा प्राप्ति समिति (Joint Merger or Acquisition Committee) गठन गरिएको छ ।

| | | |
|---|---|---|
| १) श्री प्रवल जङ्ग पाण्डे, संचालक, सिटिजन्स बैक इ. लि. | - | संयोजक |
| २) श्री प्रकाश चन्द्र मैनाली, संचालक, सिटिजन्स बैक इ. लि. | - | सदस्य |
| ३) श्री राजेन्द्र प्रसाद वझा, संचालक, तिनाउ मिसन डे. लि. | - | सदस्य |
| ४) श्री ऋषिराम पाण्डे, संचालक, तिनाउ मिसन डे. लि. | - | सदस्य |

**ख. सम्पत्ति तथा दायित्वको मुल्यांकनः**

सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडले तिनाउ मिशन डेभलपमेण्ट बैंक लिमिटेडलाई प्राप्ति (Acquire) गर्ने कार्य गर्नको लागि श्री एम. आर. एसोसिएटस्, चार्टड एकाउन्टेन्टस्लाई दायित्व तथा सम्पत्तिको मूल्यांकनकर्ता नियुक्त गरी निजबाट मिति २०७७ साल आषाढ मसान्तसम्मको Due Diligence Audit (DDA) को प्रतिवेदन मिति २०७७/९/१० मा प्राप्त भएको थियो ।

**ग. प्राप्त गर्ने सम्बन्धमा बैंकहरु बीचमा भएको सम्झौतापत्र तथा दायित्व तथा सम्पत्तिको मूल्यांकन प्रतिवेदन (Due Diligence Audit) को मुख्य पक्षहरु देहाय बमोजिम रहेका छन्:**

**१. प्राप्त गर्ने र लक्षित संस्थाको नाम, ठेगाना, इजाजतपत्रको वर्ग र कार्यक्षेत्र, प्राप्ति गरिसकेपछि सो संस्था रहने नाम, ठेगाना, इजाजतपत्रको वर्ग र कार्यक्षेत्र :**

संस्था प्राप्ति पछिको संस्थाको नाम "क" वर्गको राष्ट्रिय स्तरको बैंकको रुपमा "सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड" र अंग्रेजीमा **"Citizens Bank International Limited"** रहनेछ र संस्था प्राप्ति पछि संस्थाको रजिष्टर्ड ठेगाना काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं. ०१, नारायणहिटी पथमा रहनेछ ।

**२. बैंक वा वित्तीय संस्था प्राप्ति गर्ने सम्बन्धी कार्यको आवश्यकता र औचित्यः**

(क) **सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड**ले **तिनाउ मिसन डेभलेपमेण्ट बैंक लिमिटेड**लाई प्राप्ति गरे पश्चात संस्थाको पूँजी संरचना थप बलियो हुने, संस्थाको शाखा संजाल थप विस्तार भई विभिन्न साना ठूला परियोजनामा थप लगानी विस्तार गर्न सक्ने, थप सवल एवं सुदृढ बाणिज्य बैंकको रुपमा स्थापित भई शेयरधनीहरुलाई थप आकर्षक प्रतिफल, सेवाग्राहीलाई सुलभ, सरल रुपमा प्रभावकारी बैंकिङ्ग सेवा प्रदान गर्न सकिने सक्षम संस्था बन्ने छ ।

(ख) **सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड**ले **तिनाउ मिसन डेभलेपमेण्ट बैंक लिमिटेड**लाई प्राप्ति गरे पश्चात **सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड**को गुणस्तरिय वित्तीय सेवा, व्यवसाय, कारोबार तथा आर्थिक गतिविधिहरुको विस्तारमा ठोस योगदान पुग्ने तथा पूँजी आधार बलियो हुने हुँदा देशको आर्थिक विकासको लागि आवश्यक पर्ने पूर्वाधार विकास तथा अन्य क्षेत्रमा वित्तीय श्रोत परिचालन गर्नमा सघाउ पुग्नेछ ।

(ग) **सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडले तिनाउ मिसन डेभलेपमेण्ट बैंक लिमिटेड**लाई प्राप्ति गरे पश्चात **सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड**का जोखिम बहन गर्ने क्षमतामा अभिवृद्धि भई पूँजी पर्याप्तता, तरलता, व्यवसायको आकार जस्ता विभिन्न सूचकांकहरुमा उल्लेख्य सुधार हुन गई कर्मचारी एवं संचालन खर्चमा समेत कमि भई समग्रमा यो प्राप्तिबाट अन्ततः देशको विकासमा पनि सकारात्मक योगदान पुग्ने हुँदा **सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडले तिनाउ मिसन डेभलेपमेण्ट बैंक लिमिटेड**लाई प्राप्ति गर्नुको आवश्यकता र औचित्य पुष्टि हुने देखिएकोले **तिनाउ मिसन डेभलेपमेण्ट बैंक लिमिटेड**लाई प्राप्ति गर्न लागिएको हो ।

**३. बैंक वा वित्तीय संस्था प्राप्ति भएपछि बैंकिङ्ग तथा वित्तीय क्षेत्र र प्रणालीमा पार्ने असरः**

(क) **सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड**ले **तिनाउ मिसन डेभलेपमेण्ट बैंक लिमिटेड**लाई प्राप्ति गरे पश्चात बैंक तथा वित्तीय संस्थाको संख्यामा कमी आई अस्वस्थ प्रतिस्पर्धाको अवस्थालाई निरुत्साहित गर्न तथा बैंकिङ्ग क्षेत्रको सुशासन अभिवृद्धि गर्नमा मद्दत पुग्नेछ ।

(ख) **सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड**ले **तिनाउ मिसन डेभलेपमेण्ट बैंक लिमिटेड**लाई प्राप्ति गरे पश्चात **सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड**को प्रतिस्पर्धात्मक क्षमता बढ्ने छ जसले गर्दा सेवाको गुणात्मकता बृद्धि हुन गई प्रभावकारी बैकिङ्ग सेवा प्रदान गर्न सघाउ पुग्नेछ ।

(ग) **सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड**ले **तिनाउ मिसन डेभलेपमेण्ट बैंक लिमिटेड**लाई प्राप्ति गरे पश्चात नेपाल सरकारको, आ. व. २०७७/७८ बजेटमा उल्लेखित बैंक गाभ्ने गाभिने (मर्जर) तथा प्राप्ति ( acquisition) योजनाको कार्यान्वयनमा सहयोग पुग्ने विश्वास लिईएको छ ।

(घ) **सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड**ले **तिनाउ मिसन डेभलेपमेण्ट बैंक लिमिटेड**को संस्थागत सुशासनमा अझ अभिबृद्धि भई समग्र बैंकिङ्ग तथा वित्तीय प्रणालीको सम्बर्द्धन एवं प्रवर्द्धन गर्न र सो प्रति सर्वसाधारणको विश्वसनीयतामा समेत अभिबृद्धि भई प्राप्ति कार्य सम्पन्न भए पछि बैंक तथा वित्तीय क्षेत्र र प्रणालीमा सकारात्मक प्रभाव पार्ने अपेक्षा गरिएको छ । यसबाट देशमा उत्पादनमुलक, रोजगारमुलक, सेवामुलक एवं भौतिक पूर्वाधारका क्षेत्रहरुमा समेत पर्याप्त लगानी गर्न सवल र सक्षम बाणिज्य बैंकको रुपमा देशको समग्र आर्थिक विकास एवं वित्तीय प्रणालीमा महत्वपूर्ण भूमिका निर्वाह हुनेछ ।

**४. लगानी तथा कारोबारको व्यवस्थापन, अन्तर संस्था स्वामित्व तथा अन्तर संस्था लेनदेन विवरण, जमानत वा प्रत्याभूतिको विवरण, गैर बैंकिङ्ग कारोबारको व्यवस्थापन, सम्पत्ति र दायित्वको उचित व्यवस्थापन**

(क) **सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड**ले **तिनाउ मिसन डेभलेपमेण्ट बैंक लिमिटेड**लाई प्राप्ति गरे पश्चात **सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड**को दुबै संस्थामा रहेको लगानी तथा कारोबारहरुको पुनरावलोकन गरी भविष्यको लागि आवश्यक निर्णय लिइनेछ । साथै लगानी तथा कारोबारहरुको व्यवस्थापनलाई थप सुदृढ गर्न नीति तथा कार्यविधिहरुमा आवश्यक सुधार गरिनेछ ।

(ख) हाल कायम रहेको अन्तर संस्था स्वामित्व तथा अन्तर संस्था लेनदेन विवरण, जमानत वा प्रत्याभूतिको विवरण:

**तिनाउ मिसन डेभलेपमेण्ट बैंक लिमिटेड** र **सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड**मा कुनै पनि अन्तर संस्था स्वामित्व तथा अन्तर संस्था लेनदेन विवरण, जमानत वा प्रत्याभूति रहेको छैन ।

(ग) **सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड**ले **तिनाउ मिसन डेभलेपमेण्ट बैंक लिमिटेड**लाई प्राप्ति गरे पश्चात **सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड**को दुबै संस्थामा रहेका गैर बैंकिङ्ग सम्पत्ति लगायतका कारोबारको पुनरावलोकन गरी सोको व्यवस्थापन सम्बन्धि आवश्यक निर्णय लिइनेछ । साथै गैर बैंकिङ्ग कारोबारको व्यवस्थापनलाई थप सुदृढ गर्न नीति तथा कार्यविधिहरुमा आवश्यक सुधार गरिनेछ ।

(घ) **सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड**ले **तिनाउ मिसन डेभलेपमेण्ट बैंक लिमिटेड**लाई प्राप्ति गरे पश्चात **सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड**को दुबै संस्थामा रहेको सम्पत्ति र दायित्वको पुनरावलोकन गरी भविष्यको लागि आवश्यक निर्णय लिइनेछ । साथै सम्पत्ति र दायित्वका उचित व्यवस्थापनको लागि नीति तथा कार्यविधिहरुमा आवश्यक सुधार गरिनेछ ।

**५. निक्षेपकर्ताको हक हित संरक्षण गर्ने व्यवस्थाः**

(क) **सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड**ले **तिनाउ मिसन डेभलेपमेण्ट बैंक लिमिटेड**लाई प्राप्ति गरे पश्चात **सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड**को पूँजीगत आधार सुदृढ भई बैंकिङ्ग तथा वित्तीय प्रणालीलाई सुशासित, सुरक्षित, स्वस्थ, कुशल तथा सक्षम बनाई वित्तीय क्षेत्रको स्थायित्वका लागि निक्षेपकर्ताको हक हित संरक्षण गर्न दुबै संस्था प्रतिवद्ध रहेको छ ।

(ख) **सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड**ले **तिनाउ मिसन डेभलेपमेण्ट बैंक लिमिटेड**लाई प्राप्ति गरे पश्चात दुबै संस्थाका शाखाहरु एउटै संस्थाको मातहतमा आउँदा कर्मचारीहरुको अनुभव आदान प्रदान हुने, हाल दुबै संस्थाले लागू गर्दै आएको निक्षेप उपकरणहरु (Deposit Products) को आवश्यकता अनुसारको परिमार्जन तथा समायोजन हुँदा उपयोगी निक्षेपहरुमात्र संचालनमा आउनाले निक्षेपकर्ताहरुलाई लाभ पुग्ने अपेक्षा गरिएको छ ।

(ग) **सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड**ले **तिनाउ मिसन डेभलपमेण्ट बैंक लिमिटेड**लाई प्राप्ति गरे पश्चात **तिनाउ मिसन डेभलपमेण्ट बैंक लिमिटेड**का शाखाहरु पनि प्राप्ति पश्चात वाणिज्य बैंकका शाखा बन्ने हुँदा निक्षेपकर्ताहरुले सुविधाहरु अझ प्रभावकारी रुपमा प्राप्त गर्न सक्नेछन् ।

(घ) निक्षेपकर्ताको हक हित संरक्षण गर्नका लागि नेपाल राष्ट्र बैंकले तोके बमोजिमको सीमा भित्रका निक्षेप रकमहरुको निक्षेप बीमा प्राप्ति पश्चात पनि निरन्तर कायम रहनेछ ।

(ङ) हाल निक्षेपकर्ताहरुले प्राप्त गर्दै आएका सुविधाहरु नेपाल राष्ट्र बैंकको निर्देशन, बैंकको आन्तरिक नीति एवं प्रचलित कानूनको अधिनमा रही यथावत निरन्तरता दिइने छ ।

(च) कुनै एक क्षेत्रमा अधिकेन्द्रित निक्षेप नीति अंगीकार नगरी निक्षेप विविधिकरणको नीति अवलम्बन गरिनेछ । जसले बैंकको निक्षेप जोखिम व्यवस्थापन गर्न सहयोग पुग्नेछ ।

(छ) व्यक्तिगत प्रकृतिका निक्षेपहरुलाई प्रोत्साहन गरिनेछ ।

**६. सर्वसाधारण शेयरधनी र अन्य साहुहरुको हक हित संरक्षण गर्ने व्यवस्था :**

(क) दुबै संस्थाको वित्तीय, मानव संशाधन, प्राविधिक एवं अन्य क्षमता अभिबृद्धि गरी लगानीकर्ता एवं सर्वसाधारण शेयरधनीहरुलाई उचित प्रतिफल दिलाउँदै पूँजी संरचना अनुसार निजहरुको हक हित संरक्षण गर्न दुबै संस्था प्रतिवद्ध रहने छ ।

(ख) **सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड**ले **तिनाउ मिसन डेभलपमेण्ट बैंक लिमिटेड**लाई प्राप्ति गरे पश्चात बैंकको पूँजी आधार बढ्ने, वित्तीय श्रोत साधनको परिचालन अझ बढी प्रभावकारी हुने, व्यवसाय विस्तारको सम्भावना अझै फराकिलो हुने हुँदा बैंकको मुनाफाको आधार बढ्नेछ र जसबाट शेयरधनीहरु प्रत्यक्ष लाभान्वित हुनेछन् ।

(ग) प्राप्ति पश्चात बैंकको पूँजी कोष बढ्ने हुनाले बैंकको दायित्व बहन गर्ने क्षमता (Solvency Capacity) मा बृद्धि हुनेछ जसबाट लगानीकर्ता शेयरधनी तथा अन्य साहुहरुले थप सुरक्षित महशुस गर्नेछन् ।

(घ) प्राप्ति पश्चात पनि बैंकको पूँजी आधार क्रमश: बढाउँदै लैजानको लागि आवश्यकता अनुसार सम्बन्धित निकायको अनुमति लिई बोनस शेयर निष्काशन एंव अन्य वित्तीय संस्थाहरुसँग मर्जर/ प्राप्ति गर्ने नीति लिईनेछ जसबाट शेयरधनीहरु थप लाभान्वित हुनेछन् ।

**७. बैंक तथा वित्तीय संस्थाको वित्तीय अवस्था, कर्जा तथा लगानी र कारोवारको व्यवस्थापन :**

(क) दुबै संस्थाको आ.व. २०७७/७८ को आश्विन मसान्त सम्मको वित्तीय अवस्था, कर्जा तथा लगानी र कारोबार निम्नानुसार रहेको छ :

(रकम रु.मा)

| प्रमुख वित्तीय परिसूचक | सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड | तिनाउ मिसन डेभलपमेण्ट बैंक लिमिटेड | कुल |
|---|---|---|---|
| **चुक्ता पूँजी*** | **९,८१७,००२,६७३** | **१,८१३,१२७,२०१** | ****११,६६२,०४०,९१३** |
| संस्थापक* | ५,००६,६७१,३६३ | ९६७,१२२,०४९ | ****५,९४७,६४०,८६५** |
| सर्वसाधारण* | ४,८१०,३३१,३०९ | ८४६,००५,१५२ | ****५,७१४,४००,०४७** |
| प्राथमिक पूँजी (रकममा) | १२,३१२,४९३,१५६ | २,१४६,३०१,४१४ | **१४,४५८,७९४,५७०** |
| पूँजीकोष (रकममा) | १५,७२१,२४३,८०८ | २,३३३,१२५,१५२ | **१८,०५४,३६८,९६०** |
| प्राथमिक पूँजी (प्रतिशतमा) | ११.२६% | १३.४२% | |
| पूँजीकोष (प्रतिशतमा) | १४.३८% | १४.५८% | |
| जोखिम भारित सम्पत्ति | १०९,२९९,९५१,०३९ | १५,३४९,३०५,८४० | **१२४,६४९,२५६,८७९** |
| पूँजी कोष अनुपात (प्रतिशतमा) | १४.३८% | १४.५८% | |
| नेटवर्थ (जम्मा) (रकममा) | १३,९४३,६६३,११० | २,२५७,८२८,५२० | **१६,२०१,४९१,६३०** |
| नेटवर्थ प्रति शेयर | १५३.४ | १२४.५३ | |
| **कूल कर्जा** | **८४,९२४,६४२,५२५.५८** | **१३,४५८,७७९,०८३.८०** | **९८,३८३,४२१,६०९.३८** |
| **कूल निक्षेप** | **१००,२८३,५३०,८६८.००** | **१६,३७९,५२८,१४२.५४** | **११६,६६३,०५९,०१०.५४** |
| (क) संस्थागत | ४२,३००,४२३,८९९.३१ | ३,५४०,९१३,०५०.१२ | ४५,८४१,३३६,९४९.४३ |
| (ख) सर्वसाधारण | ५७,९८३,१०६,९६८.६९ | १२,८३८,६१५,०९२.८८ | ७०,८२१,७२२,०६१.५७ |
| निष्कृय कर्जा (रकममा) | १,२१४,०८१,१७८.०० | १०४,२८७,१९०.९९ | १,३१८,३६८,३६८.९९ |
| निष्कृय कर्जा अनुपात | १.४३% | ०.७७% | १.३४% |
| **कर्जा वर्गीकरण** | | | |
| १. असल | ७६,५५८,३०६,२८९.५३ | १२,०३७,३०७,३१९.६७ | ८८,५९५,६१३,६०९.२० |
| १.१ सूक्ष्म निगरानी | ७,१५२,२५५,०५८.०६ | १,३१७,१८४,५७२.५१ | ८,४६९,४३९,६३०.५७ |
| २. पुनरसंरचना | | | |
| ३. कमसल | ६६,०५५,८४९.६७ | १७,६१७,६८४.५४ | ८३,६७३,५३४.२१ |
| ४. शंकास्पद | ४५६,४५२,१२८.५२ | २५,५००,४१०.४२ | ४८१,९५२,५३८.९४ |
| ५. खराव | ६९१,५७३,१९९.८१ | ६१,१६९,०९६.०३ | ७५२,७४२,२९५.८४ |
| **कर्जा नोक्सानी व्यवस्था पर्याप्तता** | छ | छ | |

| प्रमुख वित्तीय परिसूचक | सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड | तिनाउ मिसन डेभलपमेण्ट बैंक लिमिटेड | कुल |
|---|---|---|---|
| **प्रचलित कानून तथा नियमन को पालना स्थिति** | पालना भएको | पालना भएको | |
| **तरलता विवरण** | | | |
| तरलता अनुपात (CRR) | ४.१५% | ३.५०% | |
| कर्जा निक्षेप अनुपात | ७३.५०% | ७२.५९% | |
| (ने.रा.बैं बमोजिम) | | | |
| **प्रमुख वित्तीय परिसूचक** | **सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड** | **तिनाउ मिसन डेभलपमेण्ट बैंक लिमिटेड** | **कुल** |
| जनशक्ति व्यवस्थापन | यस सम्बन्धमा संयुक्त मर्जर समितिबाट मानब संशाधन सम्बन्धमा छुट्टै अनुसूचि तयार गरिएको र सोही प्रतिवेदनलाई एकीकृत कारोबार पश्चात कार्यान्वयन गरिने । | | |
| सूचना प्रविधि | सूचना प्रविधिको हकमा हाल **सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड** Finacle Core Banking Software र **तिनाउ मिसन डेभलपमेण्ट बैंक लिमिटेड** मा Pumori र Empower Microfinance सफ्टवेयर प्रयोग भई रहेकोमा Finacle Core Banking सफ्टवेयरको रुपमा प्रतिस्थापन हुनेछ । | | |
| शेयर आदान प्रदान अनुपात | - | **तिनाउ मिसन डेभलपमेण्ट बैंक लिमिटेडको** १०० कित्ता शेयर बराबर श्री **सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको ९६ कित्ता शेयर प्रदान गर्ने** | |
| बजार मुल्य (अन्तिम मूल्य), सर्वसाधारण शेयर | २१५ | १९७ | |
| व्यवसायको बजार अंश | (सिटिजन्सको हकमा क वर्ग र तिनाउ मिसनको हकमा ख वर्गको आधारमा ) | | |
| कर्जाको आधारमा | २.८०% | ४.३६% | **३.२३%** |
| निक्षेपको आधारमा | २.७४% | ४.३८% | **३.१८%** |
| पूँजी कोषको आधारमा | ३.२३% | ५.४८% | **३.६९%** |

* नेपाल राष्ट्र बैंकबाट हालसम्मको स्वीकृत पूँजी संरचना अनुसार ।

** तिनाउ मिसन डेभलपमेण्ट बैंक लिमिटेडको संस्थापक शेयर ५१ प्रतिशत र सर्वसाधारण शेयर ४९ प्रतिशत बनाउने, हालको चुक्ता पूँजी रु. १,८१३,१२७,२०१ मा आ.व. २०७६/७७ को वितरणयोग्य नाफाबाट ६ प्रतिशत बोनस शेयर वितरण गर्न नेपाल राष्ट्र बैंकबाट स्वीकृत भइसकेको र यस सम्झौता बमोजिम समायोजित शेयर आदान प्रदान अनुपात अनुसार हुन आउने तिनाउ मिसन डेभलपमेण्ट बैंक लिमिटेडको १०० कित्ता शेयर बराबर सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको ९६ कित्ता शेयर प्रदान गरे पश्चात र आगामी वार्षिक साधारण सभाबाट उपरोक्त प्रस्तावहरु स्वीकृत गरे पश्चात हुने पूँजी संरचना ।

(ख) हामी दुबै संस्थाको वित्तीय अवस्था, कर्जा तथा लगानी, निक्षेप र कारोबारहरुको मूल्यांकन गरी **तिनाउ मिसन डेभलपमेण्ट बैंक लिमिटेड**को सम्पत्ति तथा दायित्व मूल्यांकनकर्ताबाट प्राप्त प्रतिवेदनमा उल्लेखित सुझावहरुलाई समेत आत्मसात गरी **सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड**लाई अझ मजवुत बाणिज्य बैंकको रुपमा स्थापित गर्न दुबै पक्ष प्रतिवद्धता रहेको छ ।

(ग) प्राप्ति पश्चात नेपाल राष्ट्र बैंकबाट तोकिए बमोजिमको विपन्न वर्ग, कृषि, उर्जा तथा उत्पादनशील क्षेत्रहरुमा प्राप्तिको कारण लक्ष्य पूरा हुन नसक्ने अवस्था भएमा आवश्यक छुटको लागि नेपाल राष्ट्र बैंकमा आवेदन दिईनेछ ।

(घ) प्राप्ति पश्चात पनि एकीकृत बैंकको निष्क्रिय कर्जा अनुपातलाई अझ कम गर्न कर्जा असूली तर्फ आवश्यक प्रभावकारी कदमहरु निरन्तर चालिनेछ ।

**८. बैंक वा वित्तीय संस्थाको सम्पत्तिको मूल्याङ्कन, सम्पत्ति/दायित्वको हिसाव मिलान गरी लेनदेनका लागि स्वीकार भएको मूल्यः**

(क) संयुक्त मर्जर तथा एक्विजिशन समितिबाट **तिनाउ मिसन डेभलपमेण्ट बैंक लिमिटेड**को सम्पत्ति तथा दायित्व मूल्याङ्कन गर्न नियुक्त मुल्यांकनकर्ता श्री M. R. Associates, चार्टर्ड एकाउण्टेण्ट्स्बाट तयार पारिएको दायित्व तथा सम्पत्तिको मूल्यांकन प्रतिवेदनको (Due Diligence Audit Report) बुँदा नं. २.११ अनुसार **तिनाउ मिसन डेभलपमेण्ट बैंक लिमिटेड**को १०० कित्ता शेयर बराबर **सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड**को ९१.४३ कित्ता शेयर प्रदान गर्ने सिफारिस भएकोमा बैंक तथा वित्तिय संस्था एक आपसमा गाभ्ने गाभिने (मर्जर) तथा प्राप्ति (एक्विजिशन) सम्बन्धी विनियमावली २०७३ (चौथो संशोधन २०७५ सहित) को विनियम ९(क) बमोजिम लक्षित संस्था **तिनाउ मिसन डेभलपमेण्ट बैंक लिमिटेड**को व्यवसायको प्रतिष्ठा, कर्मचारीको योग्यता, बजार उपस्थिति, मुनाफाको इतिहास, पछिल्लो बजार मूल्य लगायतका आधारमा संयुक्त मर्जर तथा एक्विजिशन समितिले विनियम ८ बमोजिम मूल्याङ्कन प्रतिवेदनमा उल्लेखित खुद सम्पत्तिको ५.००४ प्रतिशतले **तिनाउ मिसन डेभलपमेण्ट बैंक लिमिटेड**को आधार नेटवर्थमा थप गरि गणना गरिएको निम्नानुसारको समायोजित शेयर आदान प्रदान अनुपात अनुसार हुन आउने **तिनाउ मिसन डेभलपमेण्ट बैंक लिमिटेड** को १०० कित्ता शेयर बराबर **सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड**को ९६ कित्ता शेयर प्रदान गर्ने गरी **सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड**ले **तिनाउ मिसन डेभलपमेण्ट बैंक लिमिटेड**लाई प्राप्ति गर्न दुई संस्था सहमत भएको छ ।

| | **सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड** | | | **तिनाउ मिसन डेभलपमेण्ट बैंक लिमिटेड** | |
|---|---|---|---|---|---|
| **गणनाका आधारहरु** | **रकम** | **भारांक** | **कुल रकम** | **भारांक** | **कुल रकम** |
| खुद सम्पत्ति | १३,१४५,०२५,७०६ | ७५% | ९,८५८,७६९,२८० | १००% | २,१९१,६५०,८८६ |
| व्यवसायिक मूल्याङ्कन | ६,९२६,९७४,०४९ | २०% | १,३८५,३९४,८१० | | |
| बजार पूँजीकरण | २०,०११,९५९,९४९ | ५% | १,०००,५९७,९९७ | | |
| **मुल्यांकनकर्ताले गणना गर्ने आधार नेटवर्थ** | | | **१२,२४४,७६२,०८७** | | **२,१९१,६५०,८८६** |
| तिनाउ मिसन डेभलपमेण्ट बैंक लिमिटेडको खुद सम्पत्तिको ५.००४ प्रतिशत थप | | | | | १०९,६७०,२१० |
| **समायोजित आधार नेटवर्थ** | | | **१२,२४४,७६२,०८७** | | **२,३०१,३२१,०९६** |
| शेयर कित्ता | | | ९८,१७०,०२७ | | १९,२१९,१४८ |
| **समायोजित प्रति शेयर आधार नेटवर्थ** | | | **१२४.७३** | | **११९.७४** |
| **शेयर आदान प्रदान अनुपात** | | | **१** | | **०.९६** |

(ख) **सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड**ले **तिनाउ मिसन डेभलपमेण्ट बैंक लिमिटेड**लाई प्राप्ति गरे पश्चात **तिनाउ मिसन डेभलपमेण्ट बैंक लिमिटेड**को सम्पूर्ण सम्पत्ति, दायित्व तथा व्यवसाय **सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड**मा स्थानान्तरण गरिनेछ तथा प्राप्ति पश्चात दुई संस्थाको सम्पत्ति तथा दायित्वको लेखाङ्कन शेयर Swap Ratio बाट बचत हुने रकमलाई मर्जर जगेडा कोषमा समायोजन गरी किताबी मूल्यमा मिलान गरिने छ ।

## ९. प्राप्ति गर्ने कार्यका लागि लाग्ने अनुमानित समयावधि

दुबै संस्थाले प्राप्तिको सम्पूर्ण कार्य समाप्त गरी २०७७/११/११ गते भित्र एकीकृत कारोबार प्रारम्भ गर्ने लक्ष्य लिएको छ ।

## १०. प्राप्ति पछिको पूँजी संरचना, नियन्त्रणमा परिवर्तन तथा स्वामित्व संरचनाः

### (क) पूँजी संरचनाः

| विवरण | सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड | तिनाउ मिसन डेभलपमेण्ट बैंक लिमिटेड | प्राप्ति पश्चात कुल |
|---|---|---|---|
| अधिकृत पूँजी | १०,०००,०००,०००/- | ३,०००,०००,०००/- | *१५,०००,०००,०००/- |
| जारी पूँजी | ९,८१,७०,०२,६७३/- | १,८१३,१२७,२०१/- | ११,६६२,०४०,९१२/- |
| चुक्ता पूँजी | ९,८१,७०,०२,६७३/- | १,८१३,१२७,२०१/- | ११,६६२,०४०,९१२/- |

* सिटिजन्स बैंकले तिनाउ मिसन डेभलपमेण्ट बैंक लिमिटेड प्राप्ति गर्न शेयर जारी गर्दा बैंकको पूँजी वृद्धि हुने देखिएकोले अधिकृत पूँजी वृद्धि गर्न नेपाल राष्ट्र बैंकबाट स्वीकृत भइसकेको र छैठौं विशेष साधारण सभाबाट अधिकृत पूँजी वृद्धि गर्ने प्रस्ताव स्वीकृत भए पश्चात ।

### (ख) स्वामित्व संरचनाः

| विवरण | सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड | तिनाउ मिसन डेभलपमेण्ट बैंक लिमिटेड | प्राप्ति पश्चात कूल |
|---|---|---|---|
| संस्थापक | ५१% | *५३.३४% | *५१% |
| सर्वसाधारण | ४९% | *४६.६६% | *४९% |
| **कुल** | **१००%** | **१००%** | **१००%** |

द्रष्टव्य: **तिनाउ मिसन डेभलपमेण्ट बैंक लिमिटेड**का शेयरधनीहरुलाई १०० कित्ता बराबर **सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड.** को ९६ कित्ता शेयर उपलब्ध गराउंदा संस्थापक तथा सर्वसाधारण वर्गको शेयरधनीहरुलाई सोही बर्ग अनुसारको शेयर दिइने छ ।

*तिनाउ मिसन डेभलपमेण्ट बैंक लिमिटेडको संस्थापक शेयर ५१ प्रतिशत र सर्वसाधारण शेयर ४९ प्रतिशत बनाउने नेपाल राष्ट्र बैंकबाट स्वीकृत भइसकेको र संस्थापक शेयर ५१ प्रतिशत हुने गरी आगामी वार्षिक साधारण सभाबाट बाँकी शेयरलाई सर्वसाधारण शेयरमा परिवर्तन गरे पश्चात ।

**(ग) संचालक समिति सम्बन्धि व्यवस्था:**

संस्था प्राप्ति पछि सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको देहाय बमोजिम ७ जनाको विद्यमान संचालक समिति यथावतै कायम हुनेछ:

| **क्र.सं** | **सदस्यको नाम** | **पद** | **शेयर समूह (संस्थापक/सर्वसाधारण)** | **उच्च योग्यता** |
|---|---|---|---|---|
| क. | राजन सिंह भण्डारी | अध्यक्ष | संस्थापक | एम. ए. (अर्थशास्त्र), चार्टड एकाउन्टेट्सी |
| ख. | प्रकाश चन्द्र मैनाली | संचालक | सर्वसाधारण | वि.कम |
| ग. | बिजय ध्वज कार्की | संचालक | सर्वसाधारण | विए विएड |
| घ. | सिता कार्की (के.सी.) | संचालक | सर्वसाधारण | मानविकी स्नातक |
| ङ. | प्रवल जंङ्ग पाण्डे | संचालक | संस्थापक | B.E. (Electronics and Telecommunications) |
| च. | सजन शर्मा | संचालक | संस्थापक | एम.बि.ए, इन्जिनियरिङ्ग |
| छ. | सुदेश खालिङ राई | संचालक | स्वतन्त्र | एम.बि.ए |

(घ) संस्था प्राप्ति पछिको सञ्चालक समितिमा हाल प्रथम पक्ष **सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडमा** बहाल रहेका सञ्चालकहरुको पदावधि कायम रहेसम्म सोही सञ्चालकहरुको प्रतिनिधित्वलाई निरन्तरता दिइने छ ।

**११. जनशक्ति व्यवस्थापन सम्बन्धी व्यवस्था:**

(क) प्राप्ति पछि **सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड**को कार्यकारी प्रमुखमा हाल **सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड**का प्रमुख कार्यकारी अधिकृतलाई निरन्तरता दिइनेछ । त्यस्तै **सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड**मा कार्यरत अन्य अधिकृत तथा कर्मचारीहरु यथावत रुपमा निरन्तर कार्यरत रहनेछन् ।

(ख) **तिनाउ मिसन डेभलपमेण्ट बैंक लिमिटेड**का हालका प्रमुख कार्यकारी अधिकृत तथा अन्य कर्मचारीको पद मिलान, तह निर्धारण, कार्य विवरण, तलब, भत्ता, सुविधा लगायतका बिषयहरुमा आपसी समझदारीमा उल्लेख भए बमोजिम तथा संयुक्त मर्जर समितिले गरेका निर्णयहरुलाई समेत आधार मानी कार्यान्वयनमा लैजाने सम्बन्धमा दुबै पक्ष सहमत रहेको छ ।

(ग) **सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड**को कर्मचारी प्रशासन विनियमावली, २०७५ नै प्राप्ति पश्चात यथावत लागू हुनेछ ।

## १२. शेयर स्वाप अनुपात (Share Swap Ratio)

तिनाउ मिसन डेभलपमेण्ट बैंक लिमिटेडको शेयरधनीहरुले तिनाउ मिसन डेभलपमेण्ट बैंक लिमिटेडका प्रत्येक १०० कित्ता बराबर सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको ९६ कित्ता शेयर प्राप्त गर्ने गरि शेयर स्वाप अनुपात (share swap ratio) कायम गरिएको छ ।

## १३. संस्थाको गुणात्मक सुधार, व्यवसायको प्रवर्द्धन र सुरक्षा तथा संस्थागत सुशासनको प्रतिवद्धताः

(क) **सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड**ले **तिनाउ मिसन डेभलपमेण्ट बैंक लिमिटेड**लाई प्राप्ति गरेपछि आधुनिक सूचना प्रविधिको उपयोगितालाई थप व्यवस्थित गरी संस्थाको सेवा तथा सुविधामा गुणात्मक सुधार ल्याइनेछ ।

(ख) सबल बाणिज्य बैंकको रुपमा वित्तीय पहुँच नपुगेका अन्य क्षेत्रहरु पहिचान गरी सम्भाब्यताको आधारमा शाखा संजाल स्थानान्तरण एवं थप विस्तार गरी व्यवसाय विस्तार एवं प्रवर्द्धन गरिने छ ।

(ग) उत्पादनमुलक तथा पूर्वाधार विकास एवं उत्पादनशील लगानीका क्षेत्रहरु पहिचान गरी कर्जा जोखिम न्यूनीकरण गरिनेछ ।

(घ) प्रचलित ऐन, कानून, नीति नियम र नेपाल राष्ट्र बैंकको नीति निर्देशनहरुको पूर्ण पालना गरी संस्थागत सुशासनको मर्म र भावना अनुरुप कार्य गरिने प्रतिवद्धता दुबै पक्षले गरेको छ ।

(ङ) **सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड**ले **तिनाउ मिसन डेभलपमेण्ट बैंक लिमिटेड**लाई प्राप्ति गरे पश्चात **सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड**को सेवालाई अझ गुणस्तरीय बनाउन बैंकिङ्ग प्रणालीमा निखारता ल्याउन र बैंकको छवि स्वच्छ र उच्च राख्न आजको प्रतिस्पर्धात्मक बैंकिङ्ग बजारमा वाणिज्य बैंकलाई आवश्यक पर्ने दक्ष व्यवस्थापनको व्यवस्था गरी संस्थागत सुशासनको मर्म र भावना अनुसार कार्य गर्न हामी दुई पक्ष सहमत छ ।

## १४. संस्थागत पुनरसंरचना, एक आपसमा शाखा तथा कार्यालयहरुको मिलान तथा संचालन व्यवस्थाः

प्राप्ति पश्चात् सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको १०९ शाखा र तिनाउ मिशन डेभलपमेण्ट बैंक लिमिटेडको ५४ शाखा गरि दुई संस्थाको कुल १६३ शाखा कार्यालय रहेकोमा लक्षित संस्था तिनाउ मिशन डेभलपमेण्ट बैंक लिमिटेडको केन्द्रीय कार्यालयलाई शाखा कार्यालयमा परिणत गरी कारोवार संचालन गरिने छ । लक्षित र प्राप्ति गर्ने संस्थाहरुको एकै स्थानमा दोहोरो शाखा हुने स्थानमा एकीकरण गर्ने र अन्य उपयुक्त स्थानमा नेपाल राष्ट्र बैंकबाट आवश्यक स्वीकृति लिई स्थानान्तरण गरी संचालन गरिने छ । सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको लुम्बिनी प्रदेश कार्यालयलाई तिनाउ मिसन डेभलपमेण्ट बैंक लिमिटेड रहेको आफ्नै भवनमा स्थानान्तरण गरिने छ ।

धन्यवाद ज्ञापन

यस बैंकको उद्देश्य प्राप्तिका लागि सहयोग पुऱ्याउनु हुने सम्पूर्ण शेयरधनी महानुभावहरु, ग्राहकवर्ग तथा नेपाल सरकारका सम्बद्ध निकाय लगायत नेपाल राष्ट्र बैंक प्रति सञ्चालक समितिको तफबाट म हार्दिक आभार प्रकट गर्दछु। बैंकको उत्तरोत्तर उन्नति र प्रगतिमा पुऱ्याउनु भएको योगदानका लागि प्रमुख कार्यकारी अधिकृत लगायत बैंकका सम्पूर्ण अधिकृत तथा कर्मचारीहरु र अन्य सहयोगीहरुलाई हार्दिक धन्यवाद दिन चाहान्छु । साथै बैंकका गतिविधिहरुलाई सकारात्मक रुपमा जनसमक्ष पुऱ्याइदिने संचार जगत र प्रत्यक्ष अप्रत्यक्ष रुपमा बैंकलाई सहयोग पुऱ्याउने सम्पूर्ण शुभेच्छुकहरु प्रति पनि म हार्दिक आभार व्यक्त गर्दछु ।

मितिः २०७७/१०/१५

सञ्चालक समितिको तर्फबाट
राजन सिंह भण्डारी
अध्यक्ष

**सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको प्रबन्ध-पत्रमा गरिएको प्रस्तावित संशोधन सम्वन्धी**

**तीन महले**

**प्रबन्ध-पत्रको दफा ५ को (क), (ख) र (ग) मा संशोधन गर्ने**

| क. स | साविक | प्रस्तावित संशोधन | कारण |
|---|---|---|---|
| १ | **५.बैंकको पूँजीको संरचना :**<br><br>५(क) बैंकको अधिकृत पूँजी रु. १०,००,००,००,०००/- (अक्षरेपि दश अर्ब) हुनेछ । सो पूँजीलाई रु. १००/- का दरले १०,००,००,००० ( दश करोड थान) साधारण शेयरमा विभाजित गरिएको छ । | **५.बैंकको पूँजीको संरचना :**<br><br>५(क) बैंकको अधिकृत पूँजी रु. १५,००,००,००,००० /- (अक्षरेपि पन्ध्र अर्ब) हुनेछ । सो पूँजीलाई रु. १००/- का दरले १५,००,००,००० ( पन्ध्र करोड थान) साधारण शेयरमा विभाजित गरिएको छ । | बैंकले आगामी वर्षहरुमा बोनस शेयर जारी गर्दा तथा बैंक तथा वित्तीय संस्थाहरु प्राप्ति गर्दा बैंकको पूँजी वृद्धि हुने देखिएकोले । |
| २ | ५(ख) बैंकको कुल जारी पूँजी रु. ९,८१,७०,०२,६७३/- (अक्षरेपि नौ अर्ब एकासी करोड सत्तरी लाख दुई हजार छ सय त्रिहत्तर मात्र) हुनेछ । सो पूँजीलाई रु.१००/- का दरले ९,८१,७०,०२६.७३ (नौ करोड एकासी लाख सत्तरी हजार छब्बीस दशमलव त्रिहत्तर) थान साधारण शेयरमा विभाजित गरिएको छ । बैंकले तत्काल जारी गर्ने शेयर पूँजी न्युनतम रु. ९,८१,७०,०२,६७३/- ( अक्षरेपि नौ अर्ब एकासी करोड सत्तरी लाख दुई हजार छ सय त्रिहत्तर मात्र) हुनेछ । | ५(ख) बैंकको कुल जारी पूँजी रु. ११,६६,२०,४०,९१२/- (अक्षरेपि एघार अर्ब छैंसट्ठी करोड बिस लाख चालिस हजार नौ सय बाह्र मात्र) हुनेछ । सो पूँजीलाई रु.१००/- का दरले ११,६६,२०,४०९.१२ (एघार करोड छैंसट्ठी लाख बिस हजार चार सय नौ दशमलव बाह्र) थान साधारण शेयरमा विभाजित गरिएको छ । बैंकले तत्काल जारी गर्ने शेयर पूँजी न्युनतम रु. ११,६६,२०,४०,९१२/- (अक्षरेपि एघार अर्ब छैंसट्ठी करोड बिस लाख चालिस हजार नौ सय बाह्र मात्र) हुनेछ । | तिनाउ मिशन डेभलपमेण्ट बैंक लिमिटेडलाई प्राप्ति पश्चात कायम हुने चुक्ता पूंजी अनुसार संशोधन गर्नु परेकोले । |
| ३. | ५(ग) बैंकको तत्काल चुक्ता पूँजी न्युनतम रु. ९,८१,७०,०२,६७३/- ( अक्षरेपि नौ अर्ब एकासी करोड सत्तरी लाख दुई हजार छ सय त्रिहत्तर मात्र) हुनेछ । | ५(ग) बैंकको तत्काल चुक्ता पूँजी न्युनतम रु. ११,६६,२०,४०,९१२/- ( अक्षरेपि एघार अर्ब छैंसट्ठी करोड बिस लाख चालिस हजार नौ सय बाह्र मात्र) हुनेछ । | |